# जोरायल राजपत्र

## जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड 2 संख्या 9 मितिः 2075 माघ २६

### भाग- २

### जोरायल गाउँपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 102 उपदफा (3) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

## गाउँपालिका एम्बुलेन्स सञ्चालन सम्बन्धि कार्यविधि, २०७५

# जोरायल गाउँपालिका एम्बुलेन्स सञ्चालन सम्बन्धि कार्यविधि, २०७५

जोरायल गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०७५।१०।२५

**प्रस्तावना**

जोरायल गाउँपालिका, डोटी भित्र खासगरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ, पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर बृद्धि गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२) र जोरायल गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ को अधिकार प्रयोग गरी जोरायल गाउँपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम “एम्बुलेन्स सेवा सेवा सञ्चालन कार्यविधि, २०७५” रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) “एम्बुलेन्स” भन्नाले बिरामी ओसार्न स्वीकृति प्राप्त गरेको वाहान सम्झनुपर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण समेतलाई जनाउँछ ।

(ख) “चालक” भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनुपर्छ ।

(ग) “गाउँपालिका” भन्नाले जोरायल गाउँपालिकालाई सम्झनुपर्छ ।

(घ) “सेवा शुल्क” भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनुपर्ने गरी समितिले तोकेको शुल्क सम्झनुपर्छ ।

(ङ) “समिति” भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनुपर्छ ।

(च) “सेवा” भन्नाले एम्बुलेन्स मार्फत बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनुपर्छ ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिः** (१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रखेदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक गाउँ एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) एम्बुलेन्स रहेको वडाको वडा अध्यक्ष -सदस्य

(घ) प्रतिनिधी, गाउँपालिका रेडक्रस सोसाईटी, जोरायल -सदस्य

(ङ) एम्बुलेन्स रहेको स्थानको स्वास्थ्य संस्था प्रमुख -सदस्य

(च) गाउँपालिकाको स्वास्थ्य इकाई प्रमुख -सदस्य सचीव

(२) समितिको कूल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता रु. १५००।-(एक हजार पाँच सय मात्र) हुनेछ ।

(४) समितिको बैठक सम्बन्धि अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) समितिको सदस्य-सचीवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको असाढ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**४. समितिको काम कर्तव्य र अधिकारः** (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) एम्वुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने अचार संहिता लागू गराउने । यस निर्देशिका अनुसार अचार संहिता पालना नगर्ने चालकलाई चेतावनी दिने र अचार संहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । सामान्यतया एकपटक निर्धारण भएको भाडा दुई वर्ष नपुगि पुनरावलोकन गर्न पाईनेछैन । तर समितिको सिफारिसमा जोरायल गाउँ कार्यपालिकाको बैठकबाट भाडा पुनरावलोकन गर्न बाधा पर्ने छैन ।

(ङ) सरोकारवाला तथा अन्य संघ संस्थाहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समीक्षा बैठक गर्ने,

(च) गाउँपालिकाको बिशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(छ) चालकले अनुसूची (१) बमोजिम सेवा शुल्क लिई बैंक/कोषमा दाखिला गरे नगरेको समय समयमा अनुगमन निरिक्षण गर्ने ।

५. **सेवा शुल्क सम्बन्धी व्यवस्थाः** (१) एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले अनुसूची (१) मा उल्लेख भएअनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनुपर्नेछ ।

(२) एम्बुलेन्स सेवा वापत उठेको रकम गाउँपालिकाको संचित कोष खाता वा राजश्व खातामा जम्मा गर्नुपर्ने छ ।

(३) सेवा शुल्क वापत लिईने रकमको असुलीका लागि गाउँपालिकाको नगदी रसिद छपाई उपलब्ध गराउने छ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता गाउँपालिकामा राखिने छ ।

(४) सेवा दिए वापत लिईने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

(५) चालकको तलब भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार, समितिको बैठक भत्ता र एम्बुलेन्समा रहने अति आवश्यक सामग्री खरिदको भुक्तानी गाउँपालिकाबाट गरिनेछ ।

६. **चलाकको नियुक्ति, योग्यता र सेवा सुविधाः** (१) एम्बुलेन्स सेवा सञ्चालनका लागि गाउँ कार्यपालिकाले एक जना देहायको योग्यता पुगेको चालक करार सेवामा नियुक्ती गर्नेछ ।

(क) रितपुर्वक सवारी चालक प्रमाणपत्र लिएको नेपाली नागरिक,

(ख) सवारी चालकको रुपमा न्यूनतम ५ वर्षको अनुभव प्राप्त गरेको,

(ग) पच्चीस वर्ष उमेर पुरा भएको,

(घ) राष्ट्रिय आकस्मिक उपचार समन्वय समितिले तोके बमोजिमको प्राथमिक उपचारको तालिम प्राप्त गरेको,

(ङ) चालकको पदको लागि विज्ञापन गर्दा पन्ध्र दिनको सूचना गाउँपालिकाको वेभसाईडमा राख्नुपर्नेछ वा गाउँपालिकाको सूचना पार्टीमा टाँस गर्नुपर्नेछ ।

(२) चालकको सेवा सुविधा गाउँपालिकाको हलुका सवारी चालक सरह हुनेछ । एम्वुलेन्स चालकलाई बिरामी ओसार पसार गरेवापत प्रत्येक पटकका लागि रु. ७००।- भत्ता स्वरुप भुक्तानी दिईनेछ । तर उक्त भत्ता पाउनका लागि चालकले न्यूनतम् १५ किलोमिटर एम्बुलेन्स चलाएको हुनुपर्नेछ ।

(३) चालकले पालना गर्नुपर्ने अचार संहिता अनुसूची (२) बमोजिम हुनेछ ।

७. **एम्वुलेन्स रहने स्थान सोको मर्मत सम्भारः** (१) सामान्यतया एम्बुलेन्स सरस्वतीनगर प्राथमिक स्वास्थ्य केन्द्रको हाताभित्र रहनेछ ।

(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ ।

८. **विविधः** (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसूची (३) बमोजिम हुनेछ ।

(२) गरिब, असहाय, आर्थिक रुपले विपन्न व्यक्तिहरुलाई एम्बुलेन्स सेवामा उचित छुटको व्यवस्था हुनेछ । सो कार्यका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस अनुसार एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिले बढीमा ५० प्रतिशत सम्म छुट प्रदान गर्न सक्नेछ ।

(३) एम्बुलेन्सको नियमानुसार फुलपार्टी दुर्घटना बिमा गरिनेछ ।

(४) यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(५) यस कार्यविधिमा उल्लेख हुन नसकेका अन्य कुराहरु संघीय एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७३ एवम् एम्बुलेन्स सञ्चालनसँग सम्बन्धित प्रचलित नेपाल सरकारको कानून बमोजिम हुनेछ ।

# अनुसूची १
## (कार्यविधिको दफा (5) संग सम्बन्धित)
## सेवा शुल्क सम्बन्धि दररेट

| सि. नं. | देखि | सम्म | भाडा दर | कैफियत |
|---|---|---|---|---|
| 1. | जोरायल चनकट्टे | अत्तरिया/धनगढी | 5000।- | |
| 2. | जोरायल चनकट्टे | बुडर | 2500।- | |
| 3. | जोरायल चनकट्टे | खसरे | 2200।- | |
| 4. | जोरायल चनकट्टे | चौकी | 2700।- | |
| 5. | जोरायल चनकट्टे | गैरा | 2500।- | |
| 6. | जोरायल चनकट्टे | सिलगढी | 6000।- | |
| 7. | जोरायल चनकट्टे | डडेल्धुरा | 4000।- | |
| 8. | जोरायल चनकट्टे बडिगाड हुदै | गडसेरा | 2200।- | |
| 9. | जोरायल चनकट्टे | काठमाडौं | 30000।- | |
| 10. | जोरायल चनकट्टे | कोहलपुर | 9000।- | |
| 11. | जोरायल चनकट्टे | नेपालगन्ज | 10000।- | |
| 12. | जोरायल चनकट्टे | महेन्द्रनगर | 6500।- | |
| 13. | जोरायल चनकट्टे | चितवन | 20000।- | |
| 14. | जोरायल चनकट्टे | लखनउ | 15000।- | |
| 15. | जोरायल चनकट्टे | बरेली | 13000।- | |
| 16. | जोरायल चनकट्टे | सितारगन्ज | 10000।- | |
| 17. | जोरायल चनकट्टे | हल्द्वानी | 13000।- | |
| 18. | जोरायल चनकट्टे | खटीमा | 8500।- | |
| 19. | खसरे | धनगढी | 4500।- | |
| 20. | ५ कि.मी. सम्म | | 500 | |
| 21. | 5.1 कि.मि. देखि 10 कि.मि. सम्म | | 750 | |
| 22. | 10.1 कि.मि. देखि 15 कि.मि. सम्म | | 1000 | |
| 23. | 15.1 कि.मि. देखि 20 कि.मि. सम्म | | 1500 | |
| 24 | 20.1 कि.मि. देखि 26 कि.मि. सम्म | | 2000 | |

## अनुसूची २

## कार्यविधिको दफा 3 को उपदफा (३) सँग सम्वन्धित)

**एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिताः**

1= एम्बुलेन्स सञ्चालन कार्यविधि, 2075 लाई पूर्णतः पालना गर्नुपर्ने,

2= आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

3= मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,

4= बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

5= आफुले लिएको निर्णयहरुमा आफै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

6= आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफूमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

7= कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

8= बिरामीलाई बिच बाटोमा छाड्न नहुने,

9= आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,

10= अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुऱ्याउनु पर्ने,

11= आफुले उचित देखेको बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थाहरुलाई जानकारी दिनुपर्ने,

12= नेपाल सरकारले प्रतिवन्ध लगाएका वस्तुहरु ओसारपसार नगर्ने, प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म ........................... जिल्ला .................. न.पा./गा.पा. ............... ना.प्र.प.नं. ................., ड्राईभिङ लाईसेन्स नं. ...................... ले माथि उल्लेखित आचार संहिता अध्ययन गरेको छु । डोटी जिल्ला जोरायल गाउँपालिकाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

चालकको:

दस्तखतः

नामः

मितिः

रोहबरमा प्रमाणित गर्ने व्यक्तिको:

दस्तखतः

नामः

पदः

मितिः

संस्थाको छापः

## अनुसूची ३

(कार्यविधिको दफा ८ को उपदफा (1) सँग सम्वन्धित)

एम्बुलेन्सको स्वामित्त्वमा बोकेको संस्थाले एम्बुलेन्समा राख्नुपर्ने औषधी र उपकरणको विवरण First Aid का सामानहरुः

1= Oxygen Cylinder, Flow Meter/Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन

2= IV Injection दिन सक्ने व्यवस्था

3= Stretcher Cum Bed,

4= Stethoscope, B.P. Apparatus, Torchlight,

5= Driver with basic training in first aid and emergent medicine.